दर्ता नं. ८९/८९/०८०/०८१
स्थायी लेखा नं. ३०१५६२४३२

मेरो गौरव मेरो सहारा, सबैका लागि सधैंका लागि

नेफ्स्कून

सहारा नेपाल

बचत तथा ऋण सहकारी संस्था लिमिटेड

SAHARA NEPAL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LIMITED

मूल कार्यालय : बिर्तामोड-२, चारपाने (झापा)

मिति:२०८३/०७/२१

३० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८३/०६/२९ गते, बिहीबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३० औं वार्षिक साधारण सभा संघीय सहकारी ऐन – २०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५, प्रदेश सहकारी ऐन – २०७६, प्रदेश सहकारी नियमावली – २०७६, संस्थाको संशोधनसहित पुनर्लेखन गरिएको विनियम – २०७८, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले विभिन्न समयमा जारी गरेको निर्देशन अनुसार निम्न अनुसारको प्रस्तावहरूमाथि छलफल गरी पारित गर्नका लागि तपशिल अनुसारको प्रक्रियाहरू अबलम्बन गर्दै गरिने भएकाले सबै सेयर सदस्य महानुभावहरूलाई साधारण सभाको इकाइ साधारण सभा/उपइकाइ साधारण सभामा सहभागिताका लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभाका प्रस्तावहरू :

१) सञ्चालक समितिको ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२) आ.व. ०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन र वित्तीय प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
३) आ.व. ०८३/०८४ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा।
४) लेखा सुपरिवेक्षण समिति तथा ऋण उप-समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
५) सेयर लाभांश पारित तथा वितरण गर्ने सम्बन्धमा।
६) संरक्षितपूँजी कोष र कर्मचारी बोनस पारित तथा वितरण गर्ने सम्बन्धमा।
७) आ.व. ०८३/०८४ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
८) सेवा केन्द्रहरूको डिजायनिङ्ग, ब्रान्डिङ्ग, आन्तरिक सजावट, निर्माण खर्च अनुमोदन र स्वीकृत गर्ने सम्बन्धमा।
९) आ.व. ०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि जिम्मेवारी दिने सम्बन्धमा।
१०) सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई अनुमोदन गर्ने सम्बन्धमा।
११) विनियम संशोधन गर्ने सम्बन्धमा।
१२) ऋण लगानी स्वीकृत गर्ने तथा लगानी गर्न अख्तियारी दिने सम्बन्धमा।
१३) इकाइ साधारण सभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा।
१४) अन्तिम माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा।
१५) मूल कार्यालय तथा सेवाकेन्द्रहरूको बैंक खाता सञ्चालक परिवर्तन गर्न, बैंक खाताबन्द गर्न, QR Code लिन तथा SMS Service लिन स्वीकृतिको लागि अख्तियारी दिने सम्बन्धमा।
१६) नीति, निर्देशिका र कार्यविधि संशोधन तथा पारित गर्ने साथै परिपत्र तथा पत्रहरू अनुमोदन गर्ने सम्बन्धमा।
१७) तालिम केन्द्र भवन निर्माण गर्ने सम्बन्धमा।
१८) विविध।
क) व्याज छुट सम्बन्धमा। ख) सम्पत्ति बिक्री गर्ने सम्बन्धमा।

अन्य व्यवस्थाहरू :

१) साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्र लाई ७ इकाइमा विभाजन गरिएको छ। साथै एक इकाइ अन्तरगत रहेको सम्पूर्ण सदस्यहरूलाई एकै ठाउँमा भेला गर्न सम्भव नभएकोले ८३ वटा उप इकाइमा विभाजन गरिएको छ।
२) साधारण सभा प्रयोजनको लागि प्रत्येक उप इकाइमा समान कार्यसूचीका आधारमा छलफल र निर्णय गरिनेछ।

३) साधारण सभाको प्रतिवेदन मिति २०८३/०७/२३ गते सार्वजनिक गरिने छ। साथै सोही मितिबाट सदस्यहरूलाई वितरण गर्न सुरु गरिनेछ। सोही मितिमा संस्थाको website: saharanepal.coop.np र फेसबुक पेजमा पनि अपलोड गरिनेछ। प्रतिवेदन संस्थाका सबै सेवाकेन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

४) प्रतिवेदन माथि सदस्यको कुनै सुझावहरू पेश गर्नु पर्ने भए मिति २०८३ पौष ७ गते कार्यालय समयभित्र लिखित रुपमा आफ्नो पायक पर्ने सेवाकेन्द्रमा बुझाउन सकिने छ। सदस्यले सुझाव संस्थाको इमेल ठेगाना admin@saharanepal.coop.np मा इमेल गर्न पनि सकिनेछ।

५) सबै उप इकाइगत साधारण सभामा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको सहभागिता रहने छ।

६) इकाइमा हुने साधारण सभाको समय बिहान ११:०० बजे सुरु हुनेछ। साथै, स्थान र एकै उप इकाइमा एक भन्दा बढी उप इकाइगत साधारण सभा भएमा सेयर सदस्य नं. कतिदेखि कतिसम्मको कुन मितिमा बोलाउने भन्ने निर्धारण सेवा केन्द्रले गर्नेछ।

७) प्रत्येक उप इकाइ साधारण सभाबाट उक्त उप इकाइको साधारण सभाको माइन्युट प्रमाणित गर्नको लागि ११/११ जना प्रतिनिधि छनोट गरी सभा स्थलमा नै माइन्युट प्रमाणित गरिने छ। साथै, अन्तिम माइन्युट प्रमाणित गर्नको लागि कम्तिमा ३/३ जना प्रतिनिधि छनोट गरिने छ। छनोट भएका कम्तिमा ३/३ जना प्रतिनिधिहरूको मिति २०८३/०९/११ गते शनिबारको दिन बिहानको ११:०० बजे संस्थाको मूल कार्यालयमा बहुमतको उपस्थितिमा बैठक बसी सोही दिन दिनको १:०० बजेबाट हुने अन्तिम माइन्युट प्रमाणित भेलाको लागि उपस्थित प्रतिनिधिहरू मध्येबाट १९ जना प्रतिनिधिहरू छनोट गरिने छ।

८) यसरी अन्तिम माइन्युट प्रमाणित गर्नका लागि प्रतिनिधि छनोट गर्दा पाँचथरबाट १, उदयपुरबाट १, इलामबाट २, सुनसरीबाट ३, मोरङबाट ५ र झापाबाट ७ जना गरी कुल १९ जना प्रतिनिधि छनोट गरिनेछ।

९) इकाइगत तथा उप इकाइगत साधारण सभा आयोजना सम्बन्धी सूचना राष्ट्रियस्तरको पत्रिका, संस्थाको बेभसाइड, फेसबुक पेजमा अपलोड तथा एस्.एम.एस.गरिने छ। कुनै कारणबस सूचना प्राप्त गर्न नसकेको भए यसै सूचनालाई आधार मानी इकाइ/उपइकाई साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ।

इकाइगत तथा उपइकाइ साधारण सभाहुने सेवाकेन्द्र तथा मिति :

इकाइ १	२०८३ मंसिर २६ गते, शनिबार	बिर्तामोड १, बिर्ताबजार, चन्द्रगढी, ज्ञानेचोक, बनियानी, पथरिया, ढडुवा, गोलधाप, राजगढ र कुमरखोद सेवाकेन्द्रहरू।
इकाइ २	२०८३ मंसिर २८ गते, सोमबार	चारपाने १ सुरुङ्गा १, गौरीगञ्ज, गौरादह, दमक, आइतबारे चुलाचुली, केर्खा, दुधे, शिवगञ्ज र कुञ्जिबारी सेवाकेन्द्रहरू।
इकाइ ३	२०८३ पौष १ गते, बुधबार	मंगलबारे, पथरी, अमरदह, बिराटचोक, तेतरिया, बाहुनी, रमाइलो, लेटाङ्ग, बेलबारी, केराबारी, उर्लाबारी, भौडाहा र मधुमल्ला सेवाकेन्द्रहरू।
इकाइ ४	२०८३ पौष २ गते, बिहिबार	बिर्तामोड २, सुरुङ्गा २, लक्ष्मीपुर, घैलाडुब्बा, दुर्गापुर, बुट्टाबारी, चारआली, धुलाबारी, इटाभट्टा, काँकरभिट्टा र बौद्धमोड सेवाकेन्द्रहरू।
इकाइ ५	२०८३ पौष ३ गते, शुक्रबार	बलिया, खनार, भमरी, चिमडी , हरिनगरा, देवानगञ्ज, सिजुवा, रंगेली, कर्सिया, कटहरी, पुष्पलालचोक, बिराटनगर र बासबारी सेवाकेन्द्रहरू।
इकाइ ६	२०८३ पौष ४ गते, शनिबार	चारपाने २, धरान, तरहरा, इनरुवा, लौकही, झुम्का, चक्रघट्टी, कालाबन्जार, रामपुर, बेल्टार, गाईघाट, नेपालटार र कटारी सेवाकेन्द्रहरू।
इकाइ ७	२०८३ पौष ६ गते, सोमबार	खुदुनाबारी, शनिश्चरे, दानाबारी, बुधबारे, फिक्कल, नयाँबजार, इलाम, मंगलबारे इलाम, राँके, फिदिम, याशोक, थर्पु र रबि सेवाकेन्द्रहरू।

(महेन्द्रकुमार गिरी)
कार्यकारी प्रमुख